म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ७३ | बिहीबार ३ कात्तिक २०७९ | ने. सं. ११४२ कौलागा | 20 October, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थप ४८ जनामा कोरोना संक्रमण पुष्टि



काठमाडौं/ देशभर थप ४८ जनामा कोरोनाभाइरसको संक्रमण पुष्टि भएको छ । १ हजार ७८३ जनाको नमुना परीक्षण गर्दा पीसीआर बाट ४२ तथा एन्टीजेनबाट ६ जनामा संक्रमण पुष्टि भएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार यही अवधिमा थप ५० जना निको भएका छन् । योसँगै सक्रिय संक्रमितको संख्या ७२८ जना पुगेको छ । पछिल्लो २४ घण्टामा २१ हजार ४२५ जनाले कोरोनाविरुद्धको खोप पनि लगाएका छन् । कोरोना महामारीमा नेपालमा हालसम्म १२ हजार १८ जनाको मृत्यु भएको छ ।

## चित्लाङ बाख्रा फार्म: उत्पादन भन्दा तेब्बर बढी माग

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिकाको सीमाना चित्लाङमा रहेको सरकारी बाखा फार्मले मागअनुसार बाख्रा पुऱ्याउन सकेको छैन् ।

तत्कालीन राणा शासकले २००१ सालमा स्थापना गरेको भेडा फार्म (हाल बाख्रा विकास फार्म)ले माग अनुसार किसानहरुलाई बाख्रा उपलब्ध गराउन नसकेको हो । फार्ममा उत्पादन भन्दा तेब्बर बढीले किसानबाट बाख्राको माग आएको फार्मले जानकारी दिएको छ ।




अत्याधिक माग हुनुमा फार्मप्रतिको विश्वास रहेको छ । सरकारी फार्ममा शुद्ध नश्लको बाख्रा पाइने विश्वासले किसान र व्यवसायिक बाख्रा पालन गर्दै आएकाहरुले माग धेरै गर्ने गरेको फार्म प्रबन्धक विशेश्वर प्रसाद यादवले बताए । उनले मागअनुसार बाख्रा उपलब्ध गराउने नसकिएको बताए ।

फार्मले सानन, सानन र खरीको क्रस तथा शुद्ध खरी गरी तीन थरीको बाख्रा उत्पादन गर्दै आइरहेको हो । फार्ममा गत आर्थिक वर्ष २०७८/०७९ मा ३ सय ५० वटा मात्रै बाख्रा उपलब्ध रहेको यादव बताउँछन् । तर, माग भने एक हजार बढी बाख्राको आएको उनले जानकारी दिए । 'बाख्रा मागअनुसार पुऱ्याउन सकिएको छैन् । गतवर्ष किसान र व्यवसायीबाट १ हजारदेखि १ हजार २ सयसम्म बाख्राको माग आएको थियो । हामीसँग जम्मा साढे ३ सय बाख्रा थिए ।,' उनले भने । फार्मले प्राथमिकतामा किसान र व्यवसायीलाई राखेर बाख्रा उपलब्ध गराउँदै आएको छ ।

फार्मको कुल ३ सय ५ रोपनी क्षेत्रफलमा चरिचरण क्षेत्र मात्रै १ सय ८ रोपनी छ । ३ सय रोपनी जग्गाअनुसार ६ सय वटासम्म मात्रै बाख्रा पाल्न सकिने यादवले बताए । प्रतिरोपनी २ वटा बाख्रा पाल्न सकिने उनको भनाई छ । फार्मलाई पर्याप्त जग्गा नहुँदा पनि मागअनुसार बाख्रा पाल्न मुस्किल परेको यादवले बताए । सबै क्षमतामा बाख्रा पालन गरेपनि मागअनुसार बाख्रा पुऱ्याउन नसकिने अवस्थाबाट फार्म गुज्रिएको हो । फार्मले पाल्नका लागि वार्षिक रुपमा ३ सय हाराहारीमा बाख्रा पठाउने गरेको प्रबन्धक यादव बताउँछन् ।

बाहिर भन्दा फार्ममा शुद्ध नश्लको बाख्रा खरिद गर्दा सस्तो पर्ने भएकाले पनि माग बढेको उनी बताउँछन् । शुद्ध साननको बाख्रा प्रतिकेजी १ हजारको दरले उपलब्ध गराइने यादवले जानकारी दिए । खरी बाख्रा प्रतिकेजी ५ सयका दरले बिक्री गर्ने गरिएको उनको भनाइ छ । किसानहरुले सम्बन्धित स्थानीय तहको सिफारिस ल्याएपछि मात्रै फार्मले बाख्रा बिक्री गर्ने गरेको छ । फार्मले बाहिरी जिल्लामा बाख्रा बिक्रीलाई प्राथमिकता दिने गरेको यादव बताउँछन् ।

फार्ममा बाख्रा मात्र हैन, भेडा र मासु खाने प्रयोजनका खरायो पनि पालिएको छ । तर, भेडा र खरायोको माग बाख्राको जस्तो छैन् । हाल फार्ममा बरुवाल जातको भेडा ७५ वटा छ । मासु खाने खरायो ३ थरी जातका १ सय वटा पालिएको प्रबन्धक यादवले जानकारी दिए । खरायो चिनचिला, क्यालिफोर्निया हाइलाइन र न्युजिल्याण्ड ह्वाइट जातको रहेको जनाइएको छ ।

फार्मले पाल्नका लागि खरायो बिक्री गर्दा १ हजार रुपैयाँ प्रतिजोडी र ५ सय रुपैयाँ प्रतिगोटा दररेट राखेको छ । मासु खाने खरायो प्रतिकेजी १ हजार रुपैयाँ रहेको यादवले जानकारी दिए । गतवर्ष १ सय ५० वटा खरायो बिक्री भएको थियो । उनका अनुसार भेडा प्रतिकेजी ५ सय रुपैयाँका दरले बिक्री गरिँदै आएको छ ।

भेडाको माग कम रहेको यादव बताउँछन् । गतवर्ष १५ वटा मात्रै भेडा बिक्री भएको छ । फार्मले एक वर्ष अघिदेखि मात्रै भेडा पाल्न सुरु गरेको थियो ।

२०५६ साल साउन १६ बाट बाख्रा विकास फार्मको नामले सञ्चालित फार्मलाई सरकारले २०५८ सालमा भेडाहरुलाई विस्थापित गरेर बाख्रा अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने लक्ष्य लिएको थियो । फार्ममा देशभरबाट भेटेनरी विद्यार्थी अध्ययन, अनुसन्धानका लागि आउने गरेका छन् । त्यसयता फार्मले बाख्रासँगसँगै खरायो पनि पालन गर्दै आइरहेको हो । भेडा पाल्न छोडिएको धेरै वर्षपछि अघिल्लो वर्षबाट भेडा पालन थालिएको प्रबन्धक यादवले जानकारी दिए ।

फार्मलाई चरिचरण क्षेत्रमा बाह्रै महिना हरियो घाँस नहुँदा बाख्रा, भेडा पालनमा समस्या हुँदै आएको छ । फार्ममा जग्गा पर्याप्त भएपनि चरिचरण क्षेत्र थोरै भएकाले वर्षको ६ महिना अर्थात बर्खे समयमा मात्रै बाख्रा र भेडाले पोषिलो घाँस खान पाउँछन् ।

बाँकी ६ महिना हिउँदको समयमा खडेरी लाग्ने फार्मका प्रबन्धक यादव बताउँछन् । फार्ममा पालिएको भेडा र बाख्राले आवश्यक पोषिलो घाँस हिउँदको समयमा खान नपाएको उनले बताए । भेडा, बाख्राले पोषिलो घाँस खान नपाउनुको कारण फार्ममा पानीको स्रोत नहुनु हो । फार्म खुलेको ७८ वर्षपछि गतवर्ष फार्ममा डिपबोरिङबाट पानी निकालिएको थियो ।

वर्षायाममा चिसो कम, घाँसको पर्याप्तता र सिँचाई समस्या नभए पनि हिउँदमा भने तुषारोले भुईंघाँस मर्ने, सुख्खा भएर डाले घाँसहरुको पात झर्ने, तुषारो नपर्ने फार्मको तल्लो भेगमा पानी अभावका कारण घाँसहरु सुक्ने, चिसोबाट बाख्रा विशेषत: पाठापाठीलाई बचाउन मुस्किल पर्ने जनाइएको छ ।

फार्मले वर्षायामको घाँसलाई सुकाएर राख्ने तथा नेपियर, मकै आदि घाँसलाई साइलेज (घाँसको गुन्द्रुक) बनाएर राख्ने र हिउँदको घाँस अभाव टार्ने गर्दै आएको थियो । चित्लाङ बाख्रा फार्म वार्षिक घाटामा पनि छ । सरकारले फार्म व्यवस्थापनमा उचित ध्यान नदिँदा 'माल पाएर चाल नपाएको' उखान यर्थात जस्तै बनेको छ । फार्म पर्यटकीय स्थलका रुपमा पनि चर्चित छ ।

## ३६ जना डेंगु संक्रमित थपिए



साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ मकवानपुरमा ३६ जना डेंगु संक्रमित थपिएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको अनुसार बुधबार ३६ जना डेंगु संक्रमित थपिएका हुन् । पुष्टि हुनेहरुमा सबैभन्दा धेरै मनहरी गाउँपालिकाका रहेका छन् । हेटौंडाका १८ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

यसैगरी, हेटौंडा उपनगरपालिकाका १७ जना र हाल ठेगाना नखुलेका १ जनालाई डेंगु संक्रमण पुष्टि भएको हो । यससँगै जिल्लामा डेंगु संक्रमितको कुल संख्या ४ हजार ३४१ जना पुगेकोछ । जसमध्ये २ हजार ४३० जना पुरुष र १ हजार ९३९ जना महिला रहेका छन् ।

जिल्लामा उक्त संक्रमणका कारण एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिकाका रहेका छन् ।

## ६७ हजार बालबालिकालाई भिटामिन र जुकाको औषधि

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ मकवानपुरमा हरेक वर्ष जस्तै करिब ६७ हजार बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउन सुरु गरिएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार जिल्लाका १० वटै स्थानीय तहमा ६६ हजार ८ सय भन्दा बढी बालबालिकालाई बुधवारबाट भिटामिन र जुकाको औषधि खुवाउन लागिएको हो । भिटामिन 'ए' ३५ हजार ३ सय २० जना बालबालिकालाई खुवाइने स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण अधिकारीले जानकारी दिए । उनका अनुसार ३१ हजार ५ सय ३८ जना बालबालिकालाई जुकाको औषधी खुवाइने भएको छ । बुधवार कति बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाइयो भन्ने तथ्यांक सम्बन्धित कार्मचारीले वेभसाइटमा अपडेट गर्ने भएकाले स्वास्थ्य कार्यालयसँग छैन् ।

६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल र एकदेखि पाँच वर्षसम्मका बालबालिकालाई जुकाको औषधि खुवाइने जनाएको छ । भिटामिन र जुकाको औषधि आज बिहीवार अभियानकै रुपमा सञ्चालन हुनेछ । सूचना अधिकारी घिमिरेले अभियान दुई दिन भएपनि भिटामिन र जुकाको औषधि निरन्तर खुवाइने बताए । घरदैलो गरेर पनि बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाइने उनले बताए ।



हेटौंडा उपमहानगरपालिकामा ९२ जना महिला स्वास्थ्य स्वयं सेविका र ९२ जना स्वास्थ्य आमा समूहका सदस्यको सहयोगमा भिटामिन 'ए' र जुकाको औषाधि खुवाइने भएको छ । कार्यक्रमको दुवै दिनका लागि ९२ वटा केन्द्र तोकिएको हेटौंडा उपमहानगरपालिकाले जनाएको छ । उपमहानगरमा ६ महिनादेखि ५ वर्षसम्मका करिब १४ हजार बालबालिकाले सेवा लिने अनुमान गरिएको छ । उपमहानगरपालिकामा प्रत्येक वडाबाट १ जना र पालिकाबाट १० जना सुपरिवेक्षक अनुगमनको लागि खटाइने छ ।

६ महिनादेखि ५९ महिनासम्मका बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि सरकारले २०५३ सालदेखि भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य कार्यालयले आफ्ना बालबालिकालाई नजिकैको स्वास्थ्य संस्थामा लगेर वा महिला स्वयंसेविकामार्फत भिटामिन 'ए' र जुकाको औषधि खुवाउन आग्रह गरेको छ ।

## मकवानपुरमा थप १९ हजारले गरे स्वास्थ्य बीमा

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ मकवानपुरमा स्वास्थ्य बीमाको प्रभावकारिता बढेको पाइएको छ । पाँच वर्ष अघिदेखि सुरु भएको स्वास्थ्य बीमा कार्यक्रम मकवानपुरमा प्रभावकारी बनेको हो ।




स्वास्थ्य बीमा कार्यक्रमले जिल्लाका गरिब, विपन्न वर्गलाई स्वास्थ्य उपचारमा ठूलो राहत मिलेको बताइएको छ । प्रभावकारिता बढ्नुका साथै उल्लेख्य संख्यामा स्वास्थ्य बीमा गराउने पनि बढेका छन् । एक वर्षको अन्तरालमा थप १९ हजार १ सय ५५ जनाले बीमा गराएका छन् । मकवानपुरमा स्वास्थ्य बीमा गराउनेको संख्या बढेको तथ्यांकले देखाएको छ । नयाँ बीमा गराउनेको साथै बीमा नवीकरण गर्नेको संख्या पनि बढेको छ । विगतका वर्षमा बीमा गराएकाहरुले पनि नवीकरण गर्ने गरेका थिएनन् । स्वास्थ्य बीमा बोर्ड मकवानपुरका अनुसार गत आर्थिक वर्ष २०७८/०७९ मा एक लाख ५२ हजार ८ सय ९४ जनाले स्वास्थ्य बीमा गरेका थिए । हाल बीमा गराउनेको संख्या बढेर एक लाख ७२ हजार ४९ जना पुगेको बोर्डका दर्ता अधिकारी नरबहादुर खड्काले जानकारी दिए । स्वास्थ्य बीमा गराउनेमध्ये जिल्लामा ९१ प्रतिशतले नवीकरण गरेको उनले बताएका छन् । मकवानपुरका गाउँगाउँमा एक सय २८ जना दर्ता सहयोगी रहेका छन् । सहयोगी दर्ताबाटै बीमाकर्ताहरुले नवीकरण गर्दै आएका छन् । बीमा नवीकरण गराउने हेटौंडास्थित बोर्ड कार्यालयमै आइरहनु पर्ने झनझन बीमा कर्तालाई छैन् ।

बीमाबाट एक हजार एक सय ३६ प्रकारको औषधि सूचीकृत रहेको बताइएको छ । औषधिको उपलब्धतामा कुनै गुनासो नआएको अधिकारी खड्काले भने । हेटौंडामा रहेको हेटौंडा अस्पताल तथा चुरेहिल अस्पतालमा स्वास्थ्य बीमा लागू गरिएको छ ।

## नगरको विकटमा स्वास्थ्य केन्द्र



साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ हेटौंडा उपमहानगरपालिकाको विकट वडा नम्बर १५ को चिप्लेटीमा बनाइएको शहरी स्वास्थ्य केन्द्रबाट सेवा सुरु गरिएको छ ।

बुधबारबमट चिप्लेटीमा शहरी स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइएको हो । केन्द्रको स्थानीय समाजसेवी बयवृद्ध जीतबहादुर लामाले शुभारम्भ गरेका थिए । हेटौंडा उपमहानगरकै अति विकट क्षेत्रमा पर्ने चिप्लेटीमा स्वास्थ्य केन्द्र सञ्चालनमा आएसँगै त्यहाँका नागरिकहरु लाभान्वित हुने भएका छन् । उपमहानगरपालिकाले पछिल्लो समय नगरभित्रका नागरिकहरुको स्वास्थ्यमा सहज पहुँच पुऱ्याउन स्वास्थ्य केन्द्रहरु स्थापना गर्दै आएको छ । सोही कार्यक्रमअन्तर्गत् चिप्लेटीमा पनि उपमहानगरले स्वास्थ्य केन्द्र स्थापना गरेको उपमहानगरका स्वास्थ्य शाखाका प्रमुख कृष्ण यादवले जानकारी दिए । उनले बुधबारबाट सञ्चालनमा आएको केन्द्रबाट बालबालिकाहरुलाई भिटामिन ए खुवाउने र खोप लगाउने कार्य पनि सुरु गरिएको बताए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**रोयल इन्फिल्डर्सको आधिकारिक बिक्रेता र सर्भिस सेन्टर अब हेटौंडाको**
**ॐ अटोमोबाइल्समा**



ROYAL ENFIELD

शुभ दीपावली, नेपाल सम्वत तथा छठ पर्व-२०७९ को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, व्यवसायीहरु, सहयोगी मित्रहरु, शुभचिन्तक एवम् समस्त देशबासीमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिबिस गोविन्द जोशी (प्रोप्राईटर)
सम्पर्क: ९८०१०८९१७४

नोट: असोज २ गतेदेखि सुविधा दिँदै आइरहेका छौं ।

हेटौंडा-४, मेनरोड (बैंक अफ काठमाडौं अगाडि

साझाकुरा

## हाम्रो कुरा

# तिहारको महत्व

तिहार हिन्दु धर्मावलम्बीहरूको दसैंपछिको सबैभन्दा ठूलो पर्व हो । यो पर्व कात्तिक कृष्णपक्ष त्रयोदशीका दिन काग तिहारको नामले सुरु भएर कात्तिक शुक्लपक्षको द्वितीया तिथिको भाइटीकासम्म पाँच दिन मनाइन्छ । पाँच दिनसम्म मनाइने भएकाले यसलाई यमपञ्चक पनि भनिन्छ । यो पाँच दिवसीय पर्व विशेष गरी नेपालमा मनाइन्छ । हिन्दू धर्माबलम्बीले दीपावलीको रूपमा यस पर्वलाई धुमधामसाथ मनाउँछन् । यस पर्वको नाम हिन्दी शब्दको 'त्योहार' शब्दबाट विकृत हुँदै तिहार बनेको अनुमान लगाइन्छ । यसलाई दीपावली अनि दिवाली नामले पनि चिनिन्छ । यमराजले आफ्नी बहिनी यमुनाका घरमा आतिथ्य ग्रहण गरेको हुनाले यी पाँच दिनलाई यमपञ्चक भनिएको छ। यही दिन भगवान धन्वन्तरीको जन्म भएको हुनाले यसलाई धन्वन्तरी जयन्ती वा धनतेरस पनि भनिन्छ । यसै दिन साँझमा घरको मूलद्वारको सामु यमराजलाई दीपदान गर्नाले मृत्युदेव प्रसन्न भई आरोग्यता तथा दीर्घजीवन प्रदान गर्छन् भन्ने विश्वास रहेको छ । त्यो घरमा कहिल्यै पनि अपमृत्यु वा अल्पमृत्यु हुँदैन भन्ने मान्यता छ । यमपञ्चकमा क्रमशः काग, कुकुर, गाई लक्ष्मी, गोबर्धन र भाइ पूजा गरिन्छ । पिङ खेल्ने, दीपावली गर्ने र देउसीभैलो खेल्दै सेलरोटी आदि मिष्ठान्न खाई रमाइलो गरी तिहार मनाउने गरिन्छ ।

तिहारको सांस्कृतिक पक्ष पनि छ । भारत तथा नेपाल कृषि प्रधान देश हुन् । जब कृषक आफ्नो खेतमा सुनौलो फसल उमारेर अन्नरूपी सम्पत्ति घरमा ल्याउने समय जब हुन्छ, तब उसको खुशी एवम् उमंगको सीमा हुँदैन । यस खुशीको अवसरमा ऊ भगवानको कृपा मानेर कृतज्ञता प्रकट गर्न पूजा गर्दछ । पहिले दशैं अनि त्यसको पन्ध्र दिनपछि आउने तिहार दुबै पर्वमा देवी दुर्गाका विभिन्न रुपहरूको पूजा-आराधना गरिन्छ । सम्पत्तिकी देवी लक्ष्मीको पूजा घरमा अन्न धेरै आओस् भन्ने उद्देश्यमा गरिएको पनि अनुमान गरिन्छ । दक्षिण एसियाका धेरै देशमा विशेष गरी भारत, नेपाल, भुटान र म्यानमारमा यो पर्व विभिन्न प्रकारले मनाइन्छ ।

तिहार पर्वको सांस्कृतिकसँगै वैज्ञानिक महत्व पनि छन् । चराहरू वातावरण सन्तुलनका प्रतीक हुन् । बालीनालीमा लाग्ने कीराहरू खाइदिएर चराहरूले कृषिप्रधान मुलुकका कृषकहरूलाई सहयोग पुऱ्याउने काम गरेकाले कागको पूजा गर्ने प्रसङ्गले मानिसलाई सधैँभरि चराहरू र उनीहरूका वासस्थानप्रति इमान्दार हुनुपर्छ भन्ने सन्देश दिन खोजेको बुजिन्छ । त्यस्तै कुकुरको स्वामीभक्ति त यसैपनि संसारमा प्रसिद्ध छ । आफूलाई संरक्षण दिनेप्रति हामी सबैले कुकुरले जत्तिकै इमान्दार हुनु कुकुरपूजाको प्रसङ्गले बुजिन्छ । गाईबाट दूधदेखि मलमूत्र र हलो तान्ने वहर दिएर हाम्रो जीवन बचाउने वहरले हलो तानेर र पहाडपर्वतले अक्सिजन दिएर सम्पूर्ण प्राणीको प्राण बचाउने गरेकोले गाई, गोरु र गोवर्धन पर्वतको पूजाको अर्थ पनि उनीहरूप्रति इमान्दार हुनुपर्छ भन्ने हुन्छ । लक्ष्मी पूजाको अर्थ धनसम्पत्ति प्राप्तिको कामना हो । धन कमाउनका लागि शरीर स्वस्थ र निरोगी हुनुपर्छ भने शरीर स्वस्थ र निरोगी रहन सदैव प्रसन्न चित्त रहन सक्नुपर्छ । दिदीबहिनीले दाजुभाइको र दाजुभाइले दिदीबहिनीको पूजा गर्दा यसको अर्थ मान्छेले मान्छेको सम्मान गर्न सक्नु र जान्नुपर्छ भन्ने सन्देश दिनु हो । संसार बिग्रेको मान्छेले मान्छेप्रति गर्ने व्यवहार सन्तुलित हुन नसकेर नै हो । जहाँ मान्छेबाट मान्छेको सम्मान हुन सकेको हुन्छ त्यहाँ अहिलेको संसारमा विद्यमान आधाभन्दा बढी समस्या आफैं समाधान हुन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कार्तिक ४ गते शुक्रबार २१ अक्टोबर २०२२ । कात्तिक कृष्णपक्ष एकादशी । कौलागा ११४२ ने.सं. । सूर्योदय ६:०८, सूर्यास्त ५:२७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : ऋणभार बढनाले खिन्नता | **तुला** | : शैक्षिक कार्यमा सफलता |
| **वृष** | : आफन्तमा मनोमालिन्य | **वृश्चिक** | : आफन्तबाट सहयोग |
| **मिथुन** | : साझेदारीकार्यमा सफलता | **धनु** | : शत्रुबाट बाधा सृजना |
| **कर्कट** | : वैदेशिक कार्यमा अवरोध | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : अनावश्यक झंझट बृद्धि |
| **कन्या** | : सन्तान पक्षबाट सन्तोष | **मीन** | : आरोप प्रत्यारोपको सामना |

# आगामी चुनाव संविधानको मृत्युपत्रमा हस्ताक्षरका लागि हुनसक्छ



प्रशान्त सिंह

मेरो विचारमा मधेश गोरखालीहरूको उपनिवेश हो भने जनजाति चाहिं साम्राज्य हो । आफूले घृणा गर्दा पनि घृणा गरिने चिजको नाम आएन भने त्यो उपनिवेश हो । पृथ्वीनारायण शाहको दिव्योपदेश हेरौं, त्यहाँ मधेशीको 'म' पनि छैन । पशुपतिनाथको दर्शनसम्म गर्न दिनु भन्नेछ । यस्तो व्यवहार गरिएको छ कि गोरखालीहरूको नजरमा मधेशीहरू घृणा गर्न पनि लायक छैनन् । मुलुकी ऐनमा मधेशीको कुनै चित्रण नै छैन । मधेश राणाहरूको राडारभन्दा बाहिरै रहयो । जनजातिको टाउकोमा राज्यको गोली लाग्यो भने खस-आर्य र जनजाति सबै आन्दोलित हुन्छन् तर मधेशमा गोली चल्दा यो देश आन्दोलित हुँदैन । किनकि जनजातिसँग गोरखालीहरूको त्यति ठूलो वैरभाव छैन जति मधेशीसँग छ ।

महिलावादी आन्दोलनको सन्दर्भ उल्लेख गरौं । दिनभरि प्रशिक्षित भए पनि बेलुका एउटा महिलाले आफ्नो छोरा, पति, पिता, भाइलाई कसरी घृणा गर्न सक्छिन् ? उनले सबैभन्दा बढी माया आफ्नो छोरालाई गर्छिन् । घृणा र प्रेम जे गरे पनि महिला-पुरुषबीच हुन्छ र उनीहरू सँगै बस्नुपर्छ । यही अवस्थाले जसरी महिलावादी आन्दोलन धेरै लामो समयसम्म गएन, त्यसरी नै जनजाति आन्दोलन गुज्रिइरहेछ । कतिपयले मधेशमा जनता समाजवादी पार्टीबाट यादव उम्मेदवार बढी भए भनेर आलोचना गरिरहेका छन् । हामीलाई भ्रम हुनुहुँदैन, उपेन्द्र यादव समानुपातिक र समावेशिताका लागि लडेका होइनन्, उनी त मधेशका लागि लडेका हुन् । उनले राजनीति सिकेको मुलायमसिंह यादव र लालु यादवबाट हो । हाम्रो मधेश र भारतको उत्तरी विहारको अवस्था उस्तै छ जहाँ मधेशी र मुसलमान एकतिर लागेपछि उनीहरूलाई हराउन असम्भव हुन्छ । अरुले उपेन्द्रलाई यादववादी भनेर जति गाली गर्छन्, उनको मत त्यति बढ्छ । किनकि त्यहाँ यादवकै जनसंख्या बढी छ । उपेन्द्रसँगै हाम्रा धेरै नेताले जातीय वर्चश्ववादबाट सिकेका छन् । उनीहरूबाट अरु नतिजा खोजेर हुँदैन । एउटा उत्पीडित मधेशी जातिले मधेशका अन्य जातिहरूलाई उत्पीडन गरेको भन्दै उपेन्द्रलाई इतिहासले सम्झनेछ ।

### जारी छ गोरखा साम्रज्यको विस्तार

समाजमा आफैं पनि एकप्रकारको वृद्धि भइरहेको हुन्छ । ग्लोबल कम्युनिटी अफ नेसन्समा नेपाल पनि एउटा देश छ । कतिपय कुराहरू एउटै टेम्प्लेटमा चलिरहेको हुन्छ । संसारमा ठूला ठूला परिवर्तन भइरहँदा नेपालमा राणाशासन सधैं टिक्न सक्दैनथ्यो र नयाँ व्यवस्था आयो । त्यसैले नेपालमा भएका कतिपय परिवर्तन कसैको खास प्रयत्नमा मात्र भएको होइन । यद्यपि यी परिवर्तनमा हाम्रा दल र नेताहरूको शून्य प्रयत्न छ भन्न खोजेको होइन ।

यसरी हेर्दा नेपालमा बितेको ७२ वर्ष जानीनजानी गोरखा साम्राज्य विस्तारको लडाईं हो । पहिले राणाहरूले शाहवंश कमजोर हुनेबित्तिकै १०४ वर्षसम्म त्यो उत्तराधिकार लिए । त्यसपछि महेन्द्र शाह आए । उनले प्रायः क्षेत्री र नियन्त्रणमा राख्न सकिने बाहुनहरूलाई प्रधानमन्त्री बनाए । क्षेत्रीहरूलाई अब हाम्रो पालो हो भन्ने लाग्यो । सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्ददेखि नरेन्द्रप्रसाद रिजालसम्म आए । मरिचमान सिंहलाई पनि ल्याए । त्यतिबेला राजा र बाहुनको संघर्ष भयो ।

त्यो बेला कम्युनिज्मदेखि सबै बाहुनहरूले नै पढेका थिए । कलकत्तादेखि बनारससम्म उनीहरू नै पढेका थिए । सबै क्षमतावान पनि थिए । आएर भिडेपछि राजालाई पनि हराइदिए । यही पेरीफेरीमा राष्ट्र निर्माणको काम भयो जसलाई हामीले राष्ट्रवाद भन्ने गरेका छौं । त्यसैले राष्ट्र निर्माणका लागि इमानदार प्रयास अहिलेसम्म नेपालमा सुरू भएको छैन । केही पनि भएकै छैन भन्ने होइन । तर, ६ महिनामा बन्ने पुल ६ वर्ष लगाएर बन्यो भने त्यो काम भइरहेको छ भनेर भन्न मिल्दैन । यो ७० वर्षको इतिहास तथ्यांकमा हेर्दा पुष्टि हुने कुरा हो । राणाशासनपछि आधुनिक नेपाल सन् १९५१ मा भयो । भारत चार वर्षअघि सन् १९४७ र चीन सन् १९४९ मा बनेको हो । सन् १९६१ मा यी तीनवटै मुलुकको जीडीपी एकै ठाउँमा रहेछ । अहिले चीन र भारत कहाँ पुगे र नेपाल कहाँ छ ?

### स्वामित्व र अभिभावकविहीन संविधान

नेपालमा राजनीतिक उथलपुथलपछि अन्तरिम संविधान आयो । पहिलो संविधानसभामा संविधान नै बन्न सकेन । त्यसपछि २०७२ सालबाट निर्वाचित बहुमत सदस्यहरूमा संविधानसभाबाट संविधान बनाउने चाहना थिएन । आफ्नै मातापिताले संविधानको भ्रुण हत्या गर्न खोजेका थिए । सकेनन् तर बच्चा अर्थात् संविधान सग्लो जन्मिएन । अन्तरिम संविधानको मर्म र भावनालाई यसले स्वामित्व लिन सकेन । कतिपयले त संविधानको भ्रूण हत्या गरेर २०४७ सालको संविधानमा फर्कन खोजेका थिए । औषधि खुवाएर भ्रुण हत्या गर्न नसकेपछि पछिल्लो पाँच वर्ष बालहत्या गर्ने प्रयास भयो ।

कमजोर जन्मिएको बच्चालाई खान नदिने, दिंदा पनि हानिकारक औषधि मिसाएपछि उसको अवस्था के हुन्छ ? हाम्रो संविधानको अवस्था अहिले त्यस्तै छ । अहिले त चुनावी स्वार्थका निम्ति संघीयताका पिता भनिनेदेखि राजावादीसम्म सँगै छन् । अब उक्त बच्चाको अवस्था र मानसिकता कस्तो बन्ला ? मतदाताले विवेक नपुऱ्याउने हो भने आगामी चुनाव यो संविधानको मृत्युपत्रमा हस्ताक्षर गर्नका लागि हुनसक्छ भन्ने मेरो आकलन छ ।

संविधानसभाबाट जारी हाम्रो संविधानको मुख्य तत्व संसदीय लोकतन्त्र थिएन । त्यसको तीन मूल विशेषता थिए- गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता । 'जेरी मेन्डरिङ' गरेर ६ प्रदेशको संघीयता बिगारियो, केवल मधेशमा मात्र संघीयताको भावनाअनुरूप सापेक्षित सही संरचना बन्न सक्यो । गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण राजनीतिक परिवर्तन भएको बेला राजनीतिक नेतृत्वले गम्भीर रूपमा अभिभावकत्व प्रदान गर्नुपर्छ । भारतको उदाहरण हेरौं । १९५० मा संविधान बनेपछि जवाहरलाल नेहरू पहिलो प्रधानमन्त्री बने । भारतमा संघीयता १४ वटा प्रदेशबाट सुरु भएको थियो । १६ वर्षसम्म उनले प्रत्येक महिना मुख्यमन्त्रीलाई पत्र लेख्थे ।

जारी छ गोरखा साम्राज्यको विस्तार 'संघीयताको अवधारणाले धेरै द्विविधा बढाएको छ, तपाईं पनि लोकतन्त्र र स्वतन्त्रताकै लागि लड्नुभएको हो, हामीले गरेको फलानो निर्णय तपाईंलाई उपयुक्त नलाग्ला । मेरो कार्यक्षेत्रमा हस्तक्षेप गऱ्यो भन्ने लाग्ला । यो निर्णय हामीले यसरी विचार गरेर लिएका हौं । यसलाई यसरी बुझिदिनुभयो भने सहज हुन्छ ।' उनले यस्तै भावसहित हरेक महिना नयाँ संविधान, संघीयता, नयाँ निर्णय र यसको अन्तर्यबारे बुझाउन पत्र लेख्ने गर्थे । मुख्यमन्त्रीलाई यदि तपाईंको कार्यक्षेत्रमा म आएको जस्तो लाग्छ भने हामी समीक्षा गरौं भन्ने अनुरोध पत्रमा समेटिन्थे । यसरी संघीयता कार्यान्वयनका लागि १६ वर्षसम्म हरेक महिना मुख्यमन्त्रीलाई पत्र लेखेर अभिभावकत्व प्रदान गरिन्थ्यो । उक्त पत्रहरू समेटिएको पुस्तक 'लेटर्स टु अ नेसन्स,' अहिले पनि बजारमा उपलब्ध छ । नेहरू बिरामी भए र मृत्युको केही महिना अघि मात्र उनले पत्र लेखन छाडे ।

नेपालमा संविधान निर्माणपछि कार्यान्वयनका लागि पहिलो प्रधानमन्त्री केपी ओली आए । ओलीको भूमिका ठिक उल्टो भयो । सुरुमा मधेशीलाई गोली ठोक्दा विश्वको राम्रो संविधान भनियो । विस्तारै यही संविधानलाई नराम्रो भन्न थालियो । हाम्रा नागरिकले 'हिजो संसारकै उत्कृष्ट भन्ने, अहिले कसरी सबैभन्दा खराब भयो ?' भनेर कठालो समाउनु त परै जाओस्, प्रश्न पनि जारी छ गोरखा साम्राज्यको विस्तारेनन् । दलका समर्थकहरूले पहिला उत्कृष्ट भन्दा नि ताली पिटे, खराब भन्दा नि ताली पिटिरहे । ओलीलाई गणतन्त्र, धर्मनिरपेक्षताभन्दा बढी संघीयता मन परेन । त्यसैले अहिले चुनावमा दिइएको उम्मेदवारीमा समानुपातिक र समावेशिताको अवस्था किन यति कमजोर भयो भन्ने प्रश्न वैध नै छैन । संविधानको विरुद्धमा लाग्ने शक्तिहरूको यति धेरै प्रयत्नका बावजुद पनि अझै यो कसरी जीवित रहन सक्यो ? हाम्रो संविधान कति बलियो रहेछ भनेर छलफल गर्नु उपयुक्त हुन्छ ।

हाम्रोमा आफ्नो सुविधा हेरेर राजनीतिक नारा लगाउने प्रचलन छन् । राष्ट्रपति बनिहाल्छु कि भन्ने आशा भएका बाबुराम भट्टराई, गगन थापालगायतका नेताहरूले मात्रै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीको नारा लगाउँछन् । यस्तै यो संविधानप्रतिको असन्तुष्टि आ-आफ्नो राजनीतिक स्वार्थअनुसार छ । मधेशवादीले नागरिकताका कुरा धेरै गर्छन् । जनजातिहरू सीमांकन र नामांकनको कुरा गर्छन् । हिन्दुवादीहरू धर्मसापेक्षताको नारा लगाइरहेका छन् । राप्रपा राजतन्त्रकै कुरा गरिरहेको छ । यसरी हेर्दा यो संविधानमाथि कसले पूर्ण स्वामित्व लिन्छ ? यस्तो विरोधाभासलाई सम्बोधन गर्दै प्रदीप गिरि भन्ने गर्नुहुन्थ्यो- म आफैं यो संविधानमा हस्ताक्षर नगर्ने सांसद हुँ तर आज म यसैको प्रतिरक्षाको लागि दृढतापूर्वक उत्रिएको छु । यहाँ यस्तै छ ।

### उत्तराधिकार माग्दै स्वतन्त्र

यो दुनियाँमा राष्ट्र राज्य बन्नका लागि चारवटा तत्व आवश्यक छ । स्थायी जनसंख्या, जमिन, सत्ता र अरू मुलुकसँग सन्धि गर्ने अधिकार । साम्राज्यवादी वा आधुनिक राज्यलाई छुट्याउनका लागि दुईवटा चिजको महत्वलाई हेरिन्छ । साम्राज्यवादीहरूले जमिनलाई महत्व दिन्छन् भने आधुनिक राज्यहरूले जनतालाई पनि महत्व दिन्छन् । यो दुईवटै उत्तिकै महत्वपूर्ण हुन्छ । तर कुनै अवस्थामा सम्झौता गर्नुपऱ्यो भने कुनलाई महत्व दियो भन्नेले त्यो राज्यको प्रकृति कस्तो हो भन्ने देखाउँछ ।

कोभिडको समयमा दुनियाँका मुलुकले आफ्ना नागरिकलाई विमान चार्टर गरेर फिर्ता ल्याए । भारतजस्तो मुलुकले पनि नेपालबाट समेत आफ्ना नागरिकलाई लिएर सिमानामा तारबार लगायो । हाम्रोमा हाफपाइन्ट र गन्जी लगाएको मान्छेले पुल तरिरहँदा सुरक्षाकर्मीले लखेट्यो । त्यो न मधेशी थियो, न जनजाति । लिम्पियाधुरा र लिपुलेक नेपालको हो भनेर सिंगो संसद् एक भएर घोषणा गरियो । तर त्यहाँ बसिरहेका मान्छेहरूको के हालत छ भनेर कसैले पनि प्रश्न गरेन । आजसम्म पनि गरिएको छैन । जग्गा हाम्रो हो, तर मान्छे लैजान्छ भने मोदीले लिएर गए हुन्छ भनेजस्तो व्यवहार भयो । जग्गा चाहिन्छ तर नागरिक चाहिँदैन । विदेशी सेनामा जागिर खाने नेपालीले भोलि नेपालसँगै लडाईं हुँदा कसको पक्षमा लड्ने ? उनीहरुको मानसिकता कस्तो बन्ला ? यी नागरिकका दुःख सबै साम्राज्यवादी चिन्तनको प्रतिफल हो । यो चिन्तनको अहिलेसम्मको अन्तिम पात्र रवि लामिछाने हुन् । साम्राज्यवादी चिन्तनको उत्तराधिकार माग्ने प्रवृत्ति भएको पात्र हुन् उनी । रवि लामिछानेको नियतमा कुनै खराबी छ भनेर भन्दिनँ तर प्रवृत्ति त्यही हो । 'अरु सबै ठिक छ, तिमीहरू बुढा भयौ, अब हामीलाई पालो देऊ' भनेर उनले जसरी काम गरिरहेका छन्, यो राष्ट्र निर्माणसँग सम्बन्धित कुरै होइन, उत्तराधिकार कसले लिने भन्ने मात्रै हो । डडेल्धुराबाट चुनाव लड्न लागेको सागर ढकाललाई पनि नयाँ गर्छु भन्ने केही लागेको छैन । उनीहरू खुलेरै के भन्छन् भने शेरबहादुर देउवा वा केपी शर्मा ओलीसँग केही समस्या छैन । उहाँहरू बुढो हुनुभयो र थाक्नुभयो । हजुरबुबा र बुबा समानको मान्छे हो । तपाई घर बसिदिनुहोस्, म खुट्टा थिचिदिउँला भनेको त उत्तराधिकार मागेकै त हो ।

### अबको बाटो

कम्पनीको सीईओले कहिल्यै पनि अफ्नो कर्मचारीलाई हातखुट्टा बाँधेर राख्दैन । जब ऊ जमिनदार हुन्छ उसले त्यो गर्न सक्छ । नागरिकता नदिने, अधिकार नदिने काम कहाँ भइरहेको छ ? अहिले नागरिकताको सवाल वा अरू जे पनि मधेशसँग जोडिएका विषय छन् त्यो भनेको काम गर्न नदिनु हो । त्यो साम्राज्यवादी चिन्तन हो । संसारभरिका साम्राज्यवादीका केही आधारभूत गुण हुन्छन् । उनीहरू अरुबेला संघर्ष गरे पनि लुट्ने बेला सब कुरा बिर्सन्छन् । किनकि लुटेराहरूको न कुनै विचार हुन्छ न कुनै जात । अरु बेला अनेक संघर्ष गर्छन् चुनाव आएपछि राजावादी र गणतन्त्रवादी मिसिन्छन्, पहिचानवादी र पहिचानविरोधी भनिएकाहरू मिसिन्छन् । के उनीहरूसँग कुनै विचार बाँकी रहेछ त ? नेपालका लागि अर्थ-राजनीतिक व्यवस्था छनोट गर्ने सुविधा नै छैन । सामान्यतः जे अरूले भनिदिन्छ त्यही गर्ने मात्रै हो । धेरैमा गर्ने भनेको अरूले बनाएको नियमलाई फलो गर्ने क्रममा सामान्य संशोधनसम्म गर्ने हो । धेरै बहस नै छैन । उदार लोकतान्त्रिक व्यवस्था निर्विकल्प छ । राजनीतिक व्यवस्थाबारे हाम्रो संविधानमै लेखिएको छ ।

समानुपातिक र समावेशिता राम्रो अवधारणा हो । तर हाम्रोमा यसको सही अभ्यास गर्न सक्ने चेतना स्तर नै बनिसकेको छैन । त्यसैले पूर्ण समानुपातिक आयो भने त्यो त नेपालको सबभन्दा अँधेरो दिन हुनेछ । अहिलेकै नेतृत्व रहने हो भने ४० प्रतिशत आरक्षण पनि नेपालको संविधानको क्यान्सर हो । अभ्यास हेरौं, यसको भऱ्याङ चढेर को आउँछ ? पछाडि को आउँछ ? आरजु राणाहरू आउने त हुन् । दुनियाँका धेरै ठाउँमा पूर्ण समानुपातिक पनि धेरै राम्रो ढंगले कार्यान्वयन भएका छन् । तर, नेपालको हकमा त्यो सम्भव छैन । यहाँको माटो सुहाउँदो व्यवस्था हामीले निर्माण गनुपर्छ । पूर्ण समानुपातिक पनि कुनै प्रकारको चुनावबाट आउन सक्छ तर नेताको छनोटबाट हुनुहुँदैन ।नेता यिनै हुन् । संस्कार यही हो । हाम्रोमा शतप्रतिशत समानुपातिक बनायो भने के हुन्छ ? श्रीमती, छोरी र सम्पन्नहरूको लाइन लाग्छ ।

अनि यस्तो प्रणालीले हामीलाई कहाँ पुऱ्याउँछ ? अहिलेको अवस्थामा नेपाललाई प्रभाव पार्न सक्ने भनेको भारतले हो । भारतको पहिलो प्रधानमन्त्री १७ वर्ष रहे । दोस्रो पक्षयघात भएर बिते । त्यसपछि इन्दिरा गान्धी १५ वर्ष प्रधानमन्त्री बनिन् । बाजपेयी पनि ७/८ वर्ष प्रधानमन्त्री भए । त्यसपछि मनमोहन सिंहले १० वर्ष चलाए । अहिले मोदी आएको पनि धेरै भइसक्यो । भनेपछि संसदीय व्यवस्थाले अस्थिरता ल्याउँछ भन्ने कुरा त गलत रहेछ नि' जहाँ समस्या छ त्यहाँ पो समाधान खोज्ने हो । समस्या टाउकोमा छ भने पेटमा उपचार गरेर हुँदैन । *-अनलाइनखबर*

# “शिक्षक भएर यति नि जान्दैनस्?”

देवीप्रसाद अधिकारी

भन्न त धेरैले भन्छन् तँ त गुरु, तैँले जानेको होलास् नि । तैँले नजाने कसले जान्छ ? तैँले त जान्नै पर्यो नि । तैँले नगरे कसले गर्छ ? चौबिस वर्षे शिक्षण पेशामा पाएको गहनभन्दा गहन वाणीहरू हुन् यी मेरा लागि । जानेर नजानेर वा परिस्थितिले शिक्षक बनायो । १९ वर्षको उमेर । बाह्र कक्षाको पढाइ । म हुर्कंदै गरेको बोर्डिङ स्कुलको फर्कंदै गरेको एक शिक्षक । मभित्र शिक्षक बन्ने हुटहुटी सानोमा थिएन ।

आर्मी बन्छु, देशको सीमा रक्षा गर्छु भन्ने थियो । जब ७ कक्षामा पढ्दै गर्दा एउटा शब्द आयो अंग्रेजीमा- 'प्रोफेसर' । मैले तत्कालीन अंग्रेजी पढाउने गुरुलाई सोधेँ । 'के हो सर यसको माने ?' कृष्णराज गुरुले मुसुक्क हाँसेर भन्नुभयो- 'बाबु, यो शब्द त साह्रै ओजिलो छ । यस्को अर्थ त के भन्नु र खै ? मतलब प्रोफेसर भनेको नि सरको नि सर हो । तर निकै माथिल्लो तह पढाउने सर । हामीलाई नि पढाउने सर हो क्या । क्याम्पस युनिभर्सिटीमा पढाउने मान्छे ।''कस्ताले पढाउन पाउँछन् धेरै कक्षा? सरको नि सर कस्ता हुन्छन् ?' मेरो प्रश्न खस्न नपाउँदै कृष्णराज सर बोल्नु भयो- 'नेपालमा पढाइ हुने ठूलो कक्षा पढ्नुपर्छ । सबै पढ्नुपर्छ । सबै जान्नुपर्छ प्रोफेसर हुन त ।'कृष्णराज सरका उत्तरहरू कति बुझेँ थाहा भएन तर त्यो रात म निदाउन सकिनँ । सयौँ पटक सोधेँ आफूलाई- तँ पनि प्रोफेसर बन्न सक्लास् त ? तँ पनि सरको पनि सर हुन सक्छस् त ? सबै कुराको जान्ने हुन्छस् त ? फेरि सम्झेँ आमाले केही महिना पहिले ७ कक्षा उक्लेको दिन भन्नुभएको- 'नारायण सर, मेरो कान्छोलाई ६ कक्षामा नै दोहोऱ्याउन पर्यो ।' नारायण ज्ञवाली, जो हाम्रो कक्षा ६ मा अंग्रेजी पढाउने सर हुनुहुन्थ्यो । उहाँले अचम्म मान्दै भन्नुभयो- 'अन्टी, होइन तपाईं यो के भन्दै हुनुहुन्छ? म त छक्क परेँ' तपाईंको छोरो प्रथम भएको छ कक्षामा अनि किन त्यही कक्षा दोहोऱ्याउने?' सरको बोली नसक्दै आमा बोल्नुभयो- 'प्रथम भएर के गर्नु सर, यसलाई महिनाको ७ रुपैयाँ फिस कसले तिर्न सक्छ र ? ६ कक्षामा नै राख्दिए त यसपालिबाट सरकारले कक्षा ६ बाट निःशुल्क पढाउने भनेको छ नि त ।

आमा र नारायण सर बीचमा डल्लिएर म हल न चल भएर बसेँ । मेरो होस नै उड्ला जस्तो भयो । अब नारायण सरले के भन्ने हो ? मुटुका धड्कन कानमा ठोकिन थाल्यो । खुसीको कुरा' सरले आमालाई सम्झाएर पठाउनु भयो । मैले लामो श्वास तानेँ । मेरो भर्ना कक्षा सातमा दश रुपैयाँ तिरेको चिर्कटो काटेर नारायण सरले नै गरिदिनु भयो । आमाको त्यो क्रन्दन अनि कृष्णराज सरको त्यो व्याख्या मेरा लागि खोला तर्दै गर्दा अचानक आएको भेलसरी भयो, न वारि आउनु न पारि जानु । प्रोफेसर बन्ने इच्छा राखूँ- कुन खर्चले पढ्नु ? होइन सक्दिनँ होला भनेर त्यो तीव्र इच्छा कसरी मारू ? समयले मलाई त्यो इच्छा पूरा गर्ने मौका दिएको छ । तर लाग्छ जानी नजानी त्यो स्वप्नको बन्धी भएको छु । अब अर्को स्वप्न पछ्याउँदै छु । सायद पूरा भएको स्वप्नले मान्छेलाई धर दिँदैन । नयाँ सपनाले नै लखेट्दो रहेछ मान्छेलाई । म लखेटिइरहेको छु । सायद आज त्यही सात कक्षा पढ्दाको जस्तो तीव्र इच्छाले जलाइरहेको छ मलाई । लखेटिरहेको छ । यद्यपि त्यो स्वप्न के हो ? आज म भन्न गइरहेको छैन । ऐन मौकामा उजागर एवं सफल पार्नेछु । तर आज म २४ वर्षे शिक्षण पेशामा रहेर के गरेँ त भन्ने गहिरो प्रश्नमा अल्झिएको छु । गुरु हुनु भनेको प्रकृति हुनु जस्तै हो भनेर नै सुरु गरेको छु यस गन्थनमन्थनमा । म प्रकृति जस्तो सर्वज्ञ हुन पक्कै सक्दिनँ । धेरै पटक निस्तेज भएको छु ।

नतमस्तक भएको छु । आम बोलीले- शिक्षक भएर यति नि जान्दैनस् ? यो कुरा उसलाई सोध्न शिक्षक हो ऊ ।मेरा अगाडि सयौँ पटक यी र यस्ता प्रश्नहरू, जिज्ञासाहरू, आशा, अपेक्षाहरू तेर्सिएका छन् । कुनै बेला धृष्टता गरेँ हुँला सवाल जवाफ गर्न । तर आज म अवाक हुन्छु । मात्र सुन्छु । सके मुसुक्क हाँस्छु । नभए फिस्स दाँत देखाउँछु । भन्छु- शिक्षकलाई सबैथोक कहाँ थाहा हुन्छ त ? अपसोच' पत्याउँदैनन् । भन्छन्- यत्तिको पढेको के काम त नि ? म थप मुस्कुराउने प्रयास गर्छु । ती मान्छेहरूबाट जब म छुट्छु अनि मनमा बाढी आउँछ । हुरी चल्छ । के हो शिक्षक ? को हो गुरु ? कुन हुन् सर ? कसरी हुन्छ मान्छे मास्टर ? के उसले सबै जिज्ञासा मेटाउनै पर्ने हो ? के ऊ सर्वज्ञाता बन्नै पर्ने हो ? के उसले जान्दिनँ भन्न पाउँदैन ? कि झुटो बोलेर पनि थमथमाउन पर्ने हो ? मनभित्र मडारिन्छन् यी भावनाहरू । खलबल्याउँछन् दिमाग । सोचमग्न हुन्छु । गमक्क फक्रिरहेको फूललाई हेर्छु । सँगै फुलिरहेको कोपिलाको जोस देख्छु । अलि पर झरेको ओइलाएको फूल लुत्रुक्क परेर धुलोमा टाँसिएको पाउँछु । अनि उत्तर पाएँ जस्तो लाग्छ । आखिर माछेले त्यो फूल वयस्क हुँदा जे अपेक्षा गरेका हुन्छन् न त्यो कोपिलाबट पाउँछन् न त झरेको बुढो फूलबाट । हाम्रो समाज त्यस्तै थियो । अझै छ । जसले शिक्षक नै सर्वमान्य हो । गुरु हो ।

ब्रहमाण्ड जानेको मान्छे हो । ब्रह्म ज्ञानी हो भन्ने ठान्छ होला सायद । जुन गुरुले वेद जाने उपनिषद् घोके, महाभारत बुझे, रामायण विचरण गरे, ऋषिका श्लोकहरू कण्ठस्त पारे, पुराण लगाए उनीहरूले सबैका जिज्ञासा मेटाए । तर आज फगत सामान्य भाषा र जोड घटाउ जान्ने । तोकिएको पाठ्यक्रम कनीकुथी पूरा गरी सर्टिफिकेट लिने । डिग्रीको माला लगाउने । शिक्षक बनेपछि अध्यापन गराउनु पर्ने बाहेक अन्य किताब नछुने । स्रोत नखोज्ने । दुःख नगर्ने । एक/दुइटा भाषाभन्दा अरूमा जिज्ञासा नराख्ने । आफ्नो परीक्षामा बाहेक अन्त कलम चलाउ मन नलगाउने मजस्ता बबुरो शिक्षकलाई सर्वज्ञानी देख्ने समाजको स्तर पनि उही त होला नि भन्ने भान हुन्छ ।

*(लेखक उपप्राध्यापक हुन् ।) -सेतोपाटी*

# पेट्रोलियम पदार्थको मूल्य निर्धारणमा आयल निगमको मनोमानी




काठमाडौं/ नेपालमा पेट्रोलियम पदार्थको बिक्री वितरण गर्दै आइरहेको नेपाल आयल निगमले पछिल्लो समय मनोमानी गर्न थालेको छ । इण्डियन आयल कर्पोरेशन (आईओसी)सँग प्रशोधित पेट्रोलियम पदार्थ किनेर नेपालमा बेच्दै आएको निगमले स्वचालित मूल्य प्रणालीअनुसार मूल्य निर्धारण नगरेर नगरेर मनोमानी गर्न थालेको हो ।

प्रत्येक १५-१५ दिनमा आईओसीले निगमलाई अन्तर्राष्ट्रिय बजारमा हुने घटबढ अनुसार नयाँ मूल्यसूची पठाउने गर्छ । जसअनुसार, पछिल्लो ५ पटक प्राप्त मूल्य सूचीअनुसार निगमले घटेर आउँदा घटाउन आनाकानी गर्दै आएको हो । निगमले मूल्य बढेर आउँदा भने बढाउने गरेको छ ।

माथिल्लो निकायको हस्तक्षेपसँगै निगमले असारको दोस्रो साता एकैपटक पेट्रोलियम पदार्थको मूल्य ह्वात्तै घटाएको थियो । उक्त मितिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कार्यक्रम नै गरेर मन्त्री दिलेन्द्रप्रसाद बडूले डिजेलको मूल्य प्रतिलिटर २९ र पेट्रोलको मूल्य प्रतिलिटर २० रुपैयाँ घटाएका थिए । त्यसअघि, निगमले पेट्रोल प्रतिलिटर १९९ र डिजेल प्रतिलिटर १९२ रुपैयाँमा बिक्री गर्दै आइरहेको थियो ।

अर्थ मन्त्रालयले पेट्रोलियम पदार्थमा लाग्दै आएको १० रुपैयाँ पूर्वाधार कर कटौती गरेसँगै उक्त मूल्यमा डिजेल र पेट्रोलको बिक्री भइरहेको थियो । तर, एकैदिन उद्योगमन्त्रीकै सहभागितामा ह्वात्तै मूल्य घटाएसँगै निगमले पेट्रोल प्रतिलिटर १७९ रुपैयाँ र डिजेल प्रतिलिटर १६३ रुपैयाँमा बिक्री गर्न थाल्यो । सत्ता साझेदार दलहरूका मुख्य नेताहरू पेट्रोलियम पदार्थको मूल्य घटाउन सहमत बनेसँगै उद्योग मन्त्रालयले उक्त मितिमा मूल्य घटाएको थियो ।

अर्थ मन्त्रालयले घटाएको मूल्यको भरपाई गर्नेगरी भन्सार महशुल कटौती गर्ने मौखिक सहमति दिएको थियो । तर, लिखित निर्देशन नआउँदा मन्त्रालयले कर कटौती गरेन । जसले गर्दा महँगो मूल्यमा किनेर सस्तो मूल्यमा पेट्रोलियम पदार्थको बिक्री गर्नुपरेको निगमको गुनासो थियो ।

जसका कारण आईओसीसँग पेट्रोलियम पदार्थ किनेर भुक्तानी बाँकी रहेको रकमको ब्याज नै साढे १ अर्ब रुपैयाँ हाराहारी रहेको निगमको भनाइ छ । ऋणको भार कम गर्ने भन्दै उच्च नाफा भएपनि निगमले गत अक्टोबर १ मा आईओसीबाट प्राप्त सूचीअनुसार पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेन । उक्त मितिमा प्राप्त मूल्य सूचीलाई गुपचुप राख्दै निगमले पेट्रोलमा प्रतिलिटर १६ रुपैयाँ र डिजेलमा प्रतिलिटर ९ रुपैयाँ तथा मट्टितेलमा प्रतिलिटर ३८ रुपैयाँ नाफा लिएर बेचेको थियो ।


सोअनुसार मूल्य समायोजन नगरी १५ दिनको अवधिमा १ अर्ब १४ करोड रुपैयाँ नाफा आर्जन गर्यो । अक्टोबर १ मा प्राप्त सूचीअनुसार पेट्रोलियम पदार्थको मूल्य समायोजन नगरेको निगमले सो मूल्यसूची सार्वजनिक नगरेर अर्को बदमासी समेत गरेको थियो । निगमले दसैं बिदाका क्रममा लामो सार्वजनिक विदा परेको बाहानाबाजी गर्दै उक्त मितिमा खरिद मूल्यसूची सार्वजनिक नगरेको हो । 'दसैंको लामो विदा थियो । त्यहीबेला भारतबाट सूची प्राप्त भयो,' निगमका प्रवक्ता विनितमणि उपाध्यायले भने, 'दसैंको विदा सुरू भइसकेको र सबै कर्मचारी छुट्टीमा गइसकेकाले मूल्यसूची सार्वजनिक भएन ।'

लामो सार्वजनिक बिदाको बाहानामा मूल्य घटेर आउँदा निगमले मूल्यसूची सार्वजनिक नगरेपनि बढेर आउँदा भनेलगत्तै सूची सार्वजनिक गर्ने गर्छ । यही क्रमलाई जारी राख्दै १५ अक्टोबरमा प्राप्त सूची भोलिपल्ट नै सार्वजनिक गर्यो । नयाँ मूल्यसूचीअनुसार डिजेल र हवाई इन्धनको मूल्य बढेर आएको छ । जसअनुसार पेट्रोलमा रु १.७४ प्रति लिटर, डिजेलमा १५.६० प्रति लिटर र हवाई इन्धनमा १०.२५ प्रति लिटरले बढेर आएको छ । नयाँ मूल्यले डिजेलमा ६.३४ प्रति लिटर घाटा र एलपी ग्यासमा ३२५.४४ प्रति सिलिन्डर घाटा हुने भएपनि पेट्रोल, हवाई इन्धन र मट्टितेलमा हुने केही नाफा समेतलाई गणना गर्दा समग्रमा निगमलाई आगामी १५ दिनमा करिब ३९ करोड नाफा हुने प्रक्षेपण गरिएको निगमले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यद्यपि निगमले इण्डियन आयल कर्पोरेशन, नेपाल सरकार र राष्ट्रिय वाणिज्य बैंकलाई करिब ३३ अर्ब ६० करोड रकम तिर्न बाँकी रहेको अवस्था छ । निगमले पेट्रोलियम पदार्थ खरिदका लागि नेपाल सरकारसँग ७ अर्ब र राष्ट्रिय वाणिज्य बैंकसँग ३ अर्ब ऋण लिई पेट्रोलियम पदार्थको आपूर्ति तथा बिक्री वितरण प्रणालीलाई व्यवस्थित गर्दै आईरहेको छ ।

मूल्य घट्दा नघटाउने र बढ्दा बढाइहाल्ने प्रवृत्ति तथा आन्तरिकरुपमा उच्च सेवा सुविधाले पछिल्लो समय निगममा मनोमानी मौलाइरहेको प्रष्ट हुने सरोकारवाला बताउँछन् ।

# भिटेनले हटाएर फेरि किन ल्याए गीत ?



काठमाडौं/ विवादका कारण सधैं चर्चामा रहने र्यापर हुन् भिटेन । उनी कुन समय के कारणबाट विवादमा छाउँछन् त्यो कसैले अनुमान गर्न सक्दैनन् ।

गतसाता जापान कन्सर्टमा गरेको हर्कतका कारण थप विवादित बनेका उनको स्वास्थ्यलाई लिएर फ्यानमा चिन्ता छ । त्यसैले पनि सामाजिक सञ्जालमा समेत भिटेनलाई मानसिक स्वास्थ्यको ख्याल गर्न धेरैले सुझाएका छन् ।

बुधबार भने उनले आफ्नो गीत केहीबेर हटाएर फेरि अपलोड गरेका छन् । १३ दिन अगाडि सार्वजनिक गरिएको 'आफ्नो बाटो' बोलको गीत बाहेक सबै गीत हटाएर उनले फेरि राखेका हुन् ।

उनले यसो किन र कसका लागि गरे अहिले सार्वजनिक गरिएको छैन । तर उनको गीत सामाजिक सञ्जालबाट हट्नु र फेरि आउनुलाई विभिन्न अड्कलबाजी हुन थालेका छन् । गीत मात्र होइन, उनले इन्स्टाग्रामबाट दुई पोस्ट बाहेक सबै पोष्ट हटाएका छन् ।

रौतहटमा जन्मिएका भिटेन 'चुरोट' नामको गीतबाट पहिलो पटक चर्चामा छाएका थिए । त्यसपछि 'हामी यस्तै त हो नि ब्रो' गीत ल्याएर युवा माझ उनी प्रिय बन्न पुगे । -साभार: रातोपाटी

# सहरी गरिबी कम गर्ने गरी तीनै तहका सरकारले काम गर्नुपर्ने

काठमाडौं/ तीव्र रूपमा सहरीकरण भएसँगै सहरी गरिबीको संख्या पनि बढिरहेकाले यो मुद्दालाई सम्बोधन गर्ने गरी तीनै तहका सरकारले काम गर्नुपर्नेमा जोड दिइएको छ।

'समावेशी सहरबस्तीको आवश्यकता: सबैको साझा प्रतिबद्धता' भन्ने नाराका साथ आयोजित विश्व बसोबास दिवसको कार्यशाला गोष्ठीअन्तर्गत 'दीगो सहरीकरणका लागि समावेशीता' विषयक छलफल कार्यक्रमका वक्ताले सहरी गरिबको न्यूनीकरणका लागि विशेष कार्यक्रम अघि बढाइनुपर्ने बताएका हुन् ।

कार्यक्रममा युरोपियन युनियनका प्रतिनिधि इलोजिया अस्टुडिलोले सहरीकरण तीव्र हुँदा गरिबीसँगै विपद् जोखिमको सम्भावना पनि बढेकाले यसलाई ध्यान दिएर नीति निर्धारण र कार्यान्वयन हुनुपर्ने बताइन् ।

विपदबाट हुने जोखिमलाई मध्यनजर गरी खुला क्षेत्रमा सबैको पहुँच विस्तार गरिनुपर्ने उनको भनाइ छ । नेपालजस्ता देशमा सहरी क्षेत्रमा ९८ प्रतिशत मानिस हिँड्ने गरेकाले यसका आधारमा पूर्वाधार निर्माण गरिनुपर्नेमा पनि युनियनले जोड दिएको छ ।

राष्ट्रिय अपाङ्ग महासैं नेपालका उपाध्यक्ष रमा ढकालले सहरी क्षेत्रमा भूकम्पका बेला अरू भाग्न सके पनि अपाङ्गता भएका भाग्न नसक्ने गरेकाले यसलाई ध्यान दिएर खुला स्थानलगायत पूर्वाधार निर्माणमा सरोकार भएका निकायको ध्यानाकर्षण गराइन् ।

कोरोना महामारी फैलिएका बेला बहिरा समुदायले यो रोगका विषयमा थाहा नपाउँदा पीडित भएको भेटिएकाले उनीहरूले जानकारी पाउने गरी सांकेतिक भाषामा सन्देश प्रसारणको व्यवस्था गरिनुपर्ने माग पनि उनले राखिन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पनि अपाङ्गतामैत्री पूर्वाधार निर्माण नगरिँदा आवतजावतमा समस्या हुने गरेको मुद्दालाई महासैले उठाउँदै आएको छ । इञ्जिनियरिङ अध्ययन संस्थानका प्रा डा सङ्गीता सिंहले महिला जनप्रतिनिधिको संख्या बढे पनि नीति निर्माणको निर्णायक तहमा कम सहभागिताले समावेशी सहरी विकास हुन नसकेको विचार राखिन् ।

महिलाको राजनीतिक सामर्थ्य बढाए सहरी क्षेत्रको विकासमा सहयोग पुग्ने भनाइ उनको छ । सहरी तथा क्षेत्रीय योजनाकार समाजका अध्यक्ष डा महेन्द्र सुब्बाले काठमाडौं, विराटनगरजस्ता मुख्य सहरमा अझै अव्यवस्थित बसोबासी रहेकाले यसलाई व्यवस्थित गरिनुपर्नेमा जोड दिएका थिए ।

अक्टोबर महिनाको पहिलो सोमबार संयुक्त राष्ट्रसंघीय मानव बसोबास कार्यक्रम (युएन ह्याविट्याट) को आह्वानमा विश्व बसोबास दिवस मनाउने गरिएको छ ।

सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दीगो सहरी विकास प्रवर्द्धन गर्ने मूल उद्देश्यले विश्वव्यापी रूपमा यो दिवस मनाउन थालिएको हो । राष्ट्रसंघले सन् १९८६ देखि अक्टोबर महिनाको पहिलो सोमबार यो दिवस मनाउन थालेको थियो । नेपालमा पनि सन् २००१ देखि यो दिवस मनाईंदै आएको छ ।

# 'ए' डिभिजन लिग पुस २६ मा सुरु हुने, डबल राउन्ड रोबिनमा खेलाइने



काठमाडौं/ सहिद स्मारक ए डिभिजन लिगका विषयमा अखिल नेपाल फुटबल संघ (एन्फा) ले नयाँ निर्णय गरेको छ । एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङको अध्यक्षमा ए डिभिजन क्लबका प्रतिनिधिसहितको मंगलबार बसेको बैठकले ए डिभिजन लिगको नयाँ मिति तय भएको एन्फाले जनाएको छ ।

१४ ए डिभिजन क्लबमध्ये नेपाल पुलिस क्लबबाहेकका प्रतिनिधिको उपस्थितिमा भएको बैठकले पुस २६ गते देखि लिग गर्ने र डबल राउन्ड रोबिन लिगका आधारमा गर्ने निर्णय गरेको एन्फा श्रोतले जनाएको छ । पुलिसले पनि नयाँ प्रस्तावित मितिमा सहमति जनाइसकेको बताइएको छ ।

यसअघि साउन २६ गते बसेको एन्फा केन्द्रिय समितिको बैठकले ए, बी र सी डिभिजन लिगको मिति गय गरेको थियो । जस अनुसारर ए डिभिजन लिग पुसा ८ गते देखि चैत ४ चैत सम्म सञ्चालन गर्ने तय भएको थियो । नयाँ निर्णय अनुसार २०८० जेठ २० गते सम्म ए डिभिजन लिग चल्नेछ । पहिलो चरणको लिग समाप्ती पछि पछि २५ देखि ३० दिनको विश्राम गरिने निर्णय पनि बैठकले गरेको छ ।

लिग दौरान चैत ५ देखि १४ गतेसम्म फिफा डेको कार्यक्रम हुने भएकोले सो समयमा पनि लिग हुने छैन । लिगको विभिन्न पक्षको बारेमा थप निर्णय गर्न कात्तिक १४ गते एन्फा र ए डिभिजन क्लबबीच वर्कसप गरिने एन्फाले जनाएको छ । - *हाम्रो खेलकुद*

# केकीले ओके गर्लिन् त 'प्रसाद २' ?



काठमाडौं/ अभिनेता विपिन कार्की र निर्माण युनिटको विवादका कारण रोकिएको फिल्म 'प्रसाद २' को छायांकन अझै सुरु हुन सकेको छैन ।

विपिन र निर्माण युनिटबीच विवाद मिलेपनि फिल्मको मुख्य अभिनेत्री नम्रता श्रेष्ठले छाडेको कारण छायांकन सुरु हुन नसकेको हो ।

फिल्म 'ग्रहण' सँग आफ्नो सेड्युल जुध्यो भन्दै नम्रताले फिल्म नभ्याउने बताएकी हुन् । नम्रता बाहिरिएपछि निर्माण युनिट अहिले नयाँ अभिनेत्रीको खोजीमा छ । जसका लागि निर्माण युनिट ऋचा शर्मा, सुरक्षा पन्त हुँदै केकी अधिकारीसम्म पुगेको बताइन्छ । केकी अधिकारी भने अहिले 'प्रसाद २' गर्ने नगर्ने निर्णयमा पुगेकी छैनन् । स्क्रिप्ट अध्ययन गरिरहेकोले फिल्मको विषय अहिले यही भन्न नसक्ने अभिनेत्री केकीले बताइन् ।

उनले भनिन्, 'स्क्रिप्ट राम्रो लाग्यो र सबैकुरो मिल्यो भने अभिनय गर्न सक्छु ।' 'प्रसाद' जहाँ सकिएको थियो त्यहीँबाट 'प्रसाद २'को कथा सुरु हुँदैछ । यो हुँदा 'प्रसाद' कै कलाकारहरु विपिन कार्की र नम्रता श्रेष्ठको विकल्प थिए । नम्रताले नभ्याउने भएपछि निर्माण युनिट विकल्पको खोजीमा लागेको हो ।

फिल्मको निर्देशक सुदर्शन थापाले गर्न लागेको हुन् । 'प्रसाद'को निर्देशक भने दिनेश राउतले गरेका थिए ।

# आर्मी र एपिएफलाई रिलेमा स्वर्ण

पोखरा/ नवौं राष्ट्रिय खेलकुदको १ सय मिटर रिलेको महिलामा त्रिभुवन आर्मी क्लब र पुरुष तर्फ एपिएफले स्वर्ण पदक जितेको छ । पोखरा रंगशालाको ट्र्याकमा बुधबार भएको प्रतिस्पर्धा आर्मीको टोलीले ४९.६० सेकेन्डमा रिले पूरा गर्दै स्वर्ण जितेको थियो ।

आर्मीको टोलीमा रमिता गुरुङ, सरस्वती चौधरी, जयरानी थारु र निर्मला थापा रहेका छन् । गण्डकीले रजत र बागमतीले कास्य पदक जितेको थियो । मसिना अधिकारी, अनिसा भण्डारी, सविना खातुन मिया र निशा घर्ती रहेको गण्डकीले ५२.७५ सेकेण्ड तथा र जीता दुलाल, स्वगता खाइजु, प्रकृती सुवाल र लुजना आमात्यले रहेको बागमतीले ५२.७६ सेकेन्डको समय निकालेको थियो । सो विधामा एपिएफ टोली भने डिस्क्वालिफाइड भएको थियो । एपिएफले फल्स स्टार्ट् गर्दा डिस्क्वालिफाइड भएको थियो ।

**एपिएफ पहिलो**

४ गुणा १ सय मिटर रिले दौडमा एपिएफले स्वर्ण पदक जितेको छ । एपिएफका निरप्रताप महतो, आशिष चौधरी, शिवराज पार्की र चन्द्रबहादुर पुलामीमगरको टोलीले ४२.४४ सेकेण्डमा पूरा गर्दै पहिलो स्थान हासिल गरेको छ त्यसै गरी आर्मीका जीवन चौधरी, विवश थारु, युवराज विक र डिल्ली भण्डारीको समूहले ४२.६० सेकेण्डका साथ रजत र लुम्बिनी प्रदेशका सिमान पाण्डे, सुजल डाँगी, रोशन थारु र तुल्सीराम थारुको समूहले ४४.३८ सेकेण्डका साथ कास्य पदक जितेको छ ।

# प्रत्यक्षतर्फ सत्ताइस प्रतिशत मतपत्र छपाइ सम्पन्न

काठमाडौं/ आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) तर्फ आजसम्म एक करोड ३७ हजार मतपत्र छपाइ सम्पन्न भएको छ ।

छापिएकामध्ये प्रतिनिधिसभातर्फको मतपत्र ५० लाख १३ हजार र प्रदेशसभातर्फको मतपत्र ५० लाख २४ हजार रहेका छन् । दुवै तहमा गरी कूल आवश्यक पर्ने करिब चार करोड थान मतपत्र आवश्यक पर्ने भएकामा बुधबारसम्म करिब २७ प्रतिशत मतपत्र छपाइ भएको छ ।

निर्वाचन आयोगले भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा उच्च सुरक्षा प्रबन्धसहितमा मतपत्र छपाइ भइरहेको छ । सोप्रणालीअन्तर्गत प्रतिनिधिसभातर्फ सल्यान, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सुर्खेत, बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी र डडेलधुरा जिल्लाको पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फको मतपत्र छपाइ सम्पन्न भएको छ ।

प्रदेशसभाका लागि पनि सल्यान, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सुर्खेत, बाजुरा, बझाङ, दार्चुला, बैतडी र अछाम जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ बिहीबारदेखि दोस्रो चरणको मतपत्र ढुवानी सुरु हुने आयोगले जनाएको छ । पहिलो चरण अन्तर्गत प्रदेश नं १, मधेश प्रदेश र बागमती प्रदेशका लागि मतपत्र ढुवानी भइसकेको छ ।

प्रतिनिधिसभातर्फ देशभरका लागि कूल दुई करोड चार लाख २१ हजार र प्रदेशसभातर्फ दुई करोड एक लाख ८४ हजार मतपत्र यसअघि नै छपाइ भइसकेको छ ।

# नेपालको हवाई सुरक्षाबारे अध्ययन गर्दै अमेरिका



काठमाडौं/ नेपाल र अमेरिकाबीच हवाई सेवा सम्झौताको तयारी अगाडि बढिरहेको सन्दर्भमा अमेरिकाले नेपालको हवाई सुरक्षाबारे अध्ययन गर्ने भएको छ । अमेरिकी नागरिक उड्डयनको नियामक निकाय फेडेरल एभीएसन एडमिनिष्ट्रेसनको एक मिसनले नेपालको हवाई सुरक्षाको अवस्थाबारे बिहीबारबाट अध्ययन थाल्न लागेको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले जानकारी दिए । उनका अनुसार यो मिसनले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ)ले हेर्ने गरेका विभिन्न ८ क्षेत्रहरुमा नेपालको वर्तमान अवस्थाबारे अध्ययन गर्नेछ ।

आईकाओले यसै वर्ष नेपालमा गरेको हवाई सुरक्षा अडिटको अन्तिम प्रतिवेदन हालै नेपालले प्राप्त गरेको छ । जसमा तोकिएका क्षेत्रमा नेपालले प्राप्त गरेको परिपालनाको दर ७०.१ प्रतिशत पुगेको छ । यसबाट अन्य अन्तर्राष्ट्रिय निकायको अडिटलाई समेत सहज भएको प्राधिकरणको भनाइ छ । प्राधिकरणले केही साता अगाडि स्वीट्जरल्याण्डसँग हवाई सेवा सञ्चालनबारे सहमति गरेको छ । यस्तै सहमतिसँगै हवाई सेवा सम्झौताको तयारी अमेरिकासँग समेत अगाडि बढेको छ । त्यसअगाडि अमेरिकी नियामक निकायबाट नेपालको हवाई सुरक्षाबारे अध्ययन हुन लागेको हो ।

**बहुराष्ट्रिय निकायबाट धमाधम अध्ययन**

नेपालमा यस वर्ष बहुर्राष्ट्रिय निकायबाट हवाई सुरक्षाबारे धमाधम अध्ययन तथा अडिट भइरहेको छ । १२ देखि २५ अप्रिलसम्म आईकाओबाट भएको पूर्ण अडिटपछि युरोपेली युनियनको मिसनले नेपालमा हवाई सुरक्षा र यसमा हुनुपर्ने परिपालनाका विषयहरुको अध्ययन गरेको हो । यो मिसनको प्रतिक्रियाबाट उत्साहित भएको प्राधिकरणको नेतृत्व सन् २०१३ देखि कायम कालोसूची हट्ने अपेक्षामा छ ।

महानिर्देशक अधिकारीका अनुसार मंगलबार मात्र विश्व बैंकको एक टोलीले नेपालको प्राधिकरण र हवाई उद्योगसँग सम्बन्धित व्यक्तिहरुसँग छलफल गरेको छ । सो टोलीले समेत नेपालमा सुरक्षा अभिवृद्धिमा दक्ष जनशक्ति रहेको भन्दै सन्तुष्टि व्यक्त गरेको उनले जानकारी दिए । यसै सन्दर्भमा अमेरिकी नियामक निकायको अडिटले समेत नेपालको हवाई सुरक्षा विश्वसनीय रहेको सन्देश प्रवाह हुने प्राधिकरणको अपेक्षा छ ।

**युरोपेली युनियनसँग बढी अपेक्षा**

नेपालले अन्तर्राष्ट्रिय नियामक निकाय र युरोपेली युनियनले हवाई सुरक्षा र त्यसमा जोडिने प्राधिकरणसँग राखेका धेरै चासो सम्बोधन गरेको भन्दै यस पटक ईइयूको कालोसूचीबाट हट्नेमा विश्वस्त रहेको बताएको छ । प्राधिकरणका अनुसार संस्थामा नियमनकारी विभागका कर्मचारी सेवा प्रदायक विभागमा जान नपाउने गरी कर्मचारी विनिनियमावलीमा परिवर्तन भइसकेको छ । हवाई दुर्घटना जाँचलाई समेत प्रभावकारी बनाउने गरी नियमावलीमा संशोधनको काम भइरहेको महानिर्देशक अधिकारीले जानकारी दिए ।

यसबाहेक आईकाओको सुरक्षा चासोको सूचीमा नेपाल नरहेको, दुर्घटना जाँच आयोगमार्फत यस क्षेत्रका कमजोरी सुधारमा प्रयास भइरहेको र दुर्घटनाको दर समेत कमी भएका कारण नेपाल अब लामो समयसम्म कालोसूचीमा रहनु तर्क संगत नहुनेमा नेपाल दृढ रहेको उनको भनाइ छ । केही युरोपेली कम्पनीले नेपालसँग सिधा हवाई सम्पर्क स्थापित गर्न चाहेका कारण समेत यस पटक ईयूसँग नेपाल बढी अपेक्षित छ ।

-साभार: अनलाइनखबर

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा मोडेल अस्पताल शिल



साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ जिल्ला प्रशासन कार्यालयको अनुगमन टोलीले नियम विपरित सञ्चालन हुँदै आएको हेटौंडा मोडेल अस्पतालमा शिल गरेको छ ।

प्रशासनले हेटौंडा-१, स्थित अस्पतालको शल्यक्रिया कक्ष, फार्मेसी र ल्याबमा ताला लगाएको छ । अस्पतालले १० बेडको अनुमति लिएर क्षमता भन्दा बढी बेड संचालन गरेको पाइएको छ । अनुमति बिना फार्मेसी, ल्याब र शल्यक्रिया कक्ष संचालन गरेको भन्दै जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा पुगेको अनुगमन टोलीले अस्पतालमा शिल गरेको हो ।

अस्पतालले बिरामीमाथि गम्भिर लापरबाही गर्दै आएको खुलेको छ । एनएसथेसियोलोजिस्ट डाक्टर नराखी एनएसथेसिया सहायकद्वारा बिरामीलाई बेहोस बनाएर मेजर शल्यक्रिया गरिँदै आएको फेला परेको जनाइएको छ । विशेषज्ञ डाक्टर नराखी बिरामीलाई बेहोस बनाएर शल्यक्रिया गर्ने कार्य गम्भिर हो ।

तर, अस्पतालले बिरामीको स्वास्थ्य जस्तो संवेनदशील विषयमा लापरबाही गरेको खुलेको हो । एनएसथेसियोलोजिस्ट डाक्टर उपलब्ध नभएसम्मका लागि प्रशासनले शल्यक्रिया कक्ष शिल गरेको हो । जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणराज न्यौपानेले सम्बन्धित निकायको अनुमति बिना अस्पताल संचालन गरेको भन्दै शिल गरिएको जानकारी दिए । १० बेडको अनुमति लिएको अस्पतालले विशेष शैल्यक्रिया कक्ष संचालन गर्न नपाउने व्यवस्था छ । १५ दिन भित्र अस्पताललाई सम्पुर्ण कागजात पेश गर्न निर्देशन दिइएको न्यौपानेले जाकारी दिए ।

अनुमति अनुसार १० बेड मात्र संचालन गर्न प्रशासनले निर्देशन दिएको छ । अस्पतालमा मापदण्ड अनुसार कर्मचारी चिकित्सक नभेटिएको, आवश्यक कागजात नभेटिएको, फोहोरमैला व्यवस्थापनमा समेत अस्पताल गम्भिर नदेखिएको अनुगमन टोलीले जानकारी दिएको छ । अनुगमनमा स्वास्थ्य कार्यालय मकवानपुरका ठाकुर पौडेल, हेटौंडा उपमहानगरपालिकाको जनस्वास्थ्य निरीक्षक भोला चौलागाईलगायतको सहभागिता थियो । अस्पताल यसअघि हेटौंडा उपमहानगरपालिकाबाट जरिवानामा समेत परेको थियो । तर, अस्पतालले सुधार गरेको थिएन् ।

# गठबन्धनद्वारा मकवानपुर-२ मा निर्वाचन लक्षित कमिटीहरु गठन

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ सत्तारुढ गठबन्धनले मकवानपुरको निर्वाचन क्षेत्र नम्बर २ मा निर्वाचन लक्षित विभिन्न कमिटीहरु गठन गरेको छ । मंसिर ४ गते हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गर्दै सत्तारुढ गठबन्धनले विभिन्न कमिटीहरु गठन गरेको हो ।

> मंसिर ४ गते हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गर्दै सत्तारुढ गठबन्धनले विभिन्न कमिटीहरु गठन गरेको हो ।

बुधबार हेटौँडामा भएको भेलाले नेपाली कांग्रेस निर्वाचन क्षेत्र नम्बर २ का सभापति लोक मुक्तानको संयोजकत्वमा भूमिनन्द अर्याल, वीरबहादुर घलान, गोविन्द चेपाङ, देवकी ढुंगाना र माणिकलाल मुक्तान रहेको परिचालन कमिटी गठन गरेको छ ।

यस्तै, समाजवादीका भूमिनन्द अर्याल, गोविन्दराम चेपाङ, विनायक गोले र उमेश गुणी रहेको संघीय आर्थिक समिति गठन गरिएको छ । यस्तै, लोक मुक्तानकै संयोजकत्वमा ज्योति रायमाझी, प्रकाश थोकर, सगुन स्याङ्तान, शिवहरि बर्तौला, बलराम घिमिरे रहेको निर्वाचन परिचालन कमिटी पनि गठन गरिएको छ । यस्तै, प्रदेश क मा वीरबहादुर घलान, प्रकाश मैनाली, आशा बल, अर्जुन गौतम रहेको अनुगमन समिति गठन गरिएको छ ।

यस्तै, प्रदेश ख मा राजकुमार मल्लको संयोजकत्वमा टंक मुक्तान, रुपेश बर्तौला, ध्रुव खड्का र शिवकुमार काशी सदस्य रहेको अनुगमन समिति गठन गरिएको छ । प्रदेश ख मा लवशेर विष्टको संयोजकत्वमा खड्ग गोपाली, अप्सरा लोप्चन, ईन्द्र श्रेष्ठ, किरणमान बल, यतिराज सापकोटा, जमानसिंह वाइबा रहेको परिचालन कमिटी गठन गरिएको छ ।

प्रदेश ख मा रञ्जन कालाखेतीको संयोजकत्वमा रुपेश बर्तौला, कमल अर्याल, सञ्जीव पाठक, सन्तबहादुर चेपाङ, नुरोज पौडेल, उदाशकुमार भोलन, टंक मुक्तान, कालु ढकाल रहेको परिचालन कमिटी गठन गरिएको छ । यस्तै प्रदेश ख मा अनुराग बनस्तमको संयोजकतवमा कमल अर्याल, समीर लामा, भरत स्याङ्बो, सूर्य रोक्का, योगेन्द्र अर्याल रहेको आर्थिक समिति गठन गरिएको छ ।

मकवानपुरको निर्वाचन क्षेत्र नम्बर २ मा गठबन्धनबाट संघमा नेकपा एकीकृत समाजवादीका विरोध खतिवडा, प्रदेश क मा माओवादीका कुमारी मोक्तान र प्रदेश ख मा कांग्रेसका ईन्द्रबहादुर बानियाँ उम्मेदवार रहेका छन् ।

# गठबन्धनले हारे मलुक र लोकतन्त्र संकटमा पर्छ: *डीना*



साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ कांग्रेस केन्द्रीय सहमहामन्त्री तथा सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार महालक्ष्मी उपाध्याय डिनाले सत्तारुढ गठबन्धनले हारेमा मलुक र लोकतन्त्र संकटमा पर्ने बताएकी छिन् ।

नेपाली कांग्रेस बकैया गाउँपालिकाको आयोजनामा बुधबार बकैयामा भएको कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रमलाई सम्बेधन गर्दै उनले यस्तो बताएकी हुन् ।

उनले पटक पटक संसद् विघटन गर्ने, संविधान र लोकतन्त्रमाथि प्रहार गर्ने तत्वबाट मुलुकलाई ५ दलीय गठबन्धनले नै जोगाएको बताइन् । डिनाले फेरि पनि त्यस्ता तत्वले जितेमा मुलुकको विकास हुन नसक्ने बताइन् । '५ दलको बीचमा अहिले आएर गठबन्धन भएको होइन, यही ५ दलले संसद्, संविधान लोकतन्त्र र मुलुक जोगाएर यहाँसम्म ल्याएको हो ।

संविधान अनुसारै अहिले निर्वाचन हुन लागेको छ', डिनाले भनिन्, 'संविधानमा हस्ताक्षर नगर्ने र संविधान मास्न खोज्नेहरु एक भएर निर्वाचनमा होमिएका छन् त्यस्ता तत्वलाई परास्त गर्न नसके मुलुक फेरि संकटतर्फ जानेछ ।'

मंसिर ४ गतेसम्मलाई गठबन्धनका उम्मेदवारलाई जिताउन आफूसंग भएका सम्पूर्ण संयन्त्र प्रयोग गर्न उनले नेता कार्यकर्तालाई अनुरोध समेत गरिन् । 'मकवानपुरमा रहेर यहाँको विकास र सेवामा निरन्तर लाग्नदै आएको छ ।

५ बर्ष अझ जोशका साथ तपाईंहरुकै सेवामा लाग्नेछु', उनले भनिन्, 'म सहकारीको माध्यमबाट पनि जिल्लाको आर्थिक विकास र बेरोजगारी समस्या हल गर्ने तथा महिलाहरुको हकहितमा लाग्दै आएको छु ।' आफू कांग्रेस र रुखको प्रतिनिधिको रुपमा निर्वाचनमा होमिएको बताउँदै उनले अहिले गठबन्धनको समेत साझा उम्मेदवार भएकोले जिताउने अभियानमा लाग्न उनले अनुरोध गरिन् ।

विरोधीहरुले गठबन्धनको बारेमा भ्रम फैलाइरहेको भन्दै उनले निर्वाचन पछि गठबन्धन थप बलियो र एकढिक्का भएर जाने उनको दावी थियो । कार्यक्रममा १ को (क) का प्रदेशसभा सदस्य पदका उम्मेदवार प्रेमबहादुर पुलामी छिन्तुले गठबन्धनका उम्मेदवारलाई मतदान गर्न अनुरोध गर्दै व्यवस्था विरोधी तत्वलाई मतदान गरे मुलुक नै बर्बादीको दिशातर्फ जाने बताए ।

कार्यक्रममा कांग्रेस संघीय सभापति दामोदर खनाल, क्षेत्रीय सभापति सुशान्त श्रेष्ठ, माओवादी नेता लोकनाथ गौतम लगायतको उपस्थिती रहेको थियो ।

# प्रेस युनियनकर्मीसँग कांग्रेस उम्मेदवारको छलफल

हेटौंडा, २ कार्तिक/ आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा मकवानपुरमा नेपाली कांग्रेसबाट उम्मेदवार बनेकाहरुले प्रेस युनियनसँग छलफल गरेको छ ।



बुधबार कांग्रेसका उम्मेदवारहरुले पार्टीप्रति आस्था राख्ने प्रेस युनियन मकवानपुरका पत्रकारहरुसँग निर्वाचन लक्षित छलफल गरेको हो । छलफलमा नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्री तथा मकवानपुर निर्वाचन क्षेत्र नम्वर १ को उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले संविधान र लोकतन्त्रको रक्षाको निम्ति गठबन्धनले जित्न आवश्यक रहेको बताइन् । नेपाली कांग्रेस बागमती प्रदेश सभापति तथा मकवानपुर निर्वाचन क्षेत्र नम्वर २ को ख बाट बागमती प्रदेशसभा सदस्यको उम्मेदवार बनेका ईन्द्र बहादुर बानियाँले संविधान, लोकतन्त्र र राष्ट्रियताको रक्षाको लागि गठबन्धनको जीत आवश्यक रहेको बताए । उनले लोकतन्त्रविरोधीहरुलाई सत्तारुढ गठबन्धनले कुनैपनि हालतमा पराजित गरेर छोड्ने समेत बताए । त्यस्तैगरि मकवानपुरका १ को ख बाट प्रदेशसभा सदस्यका उम्मेदवार आनन्दराम पराजुलीले देशमा स्थायी र लोकतान्त्रिक सरकार बनाउनको लागि पनि कांग्रेस मात्रै नभई गठबन्धनकै जीत आवश्यक रहेको बताए ।

छलफलमा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्व लामा, प्रवक्त अर्जुन चौलागाई, प्रेस युनियनका केन्द्रिय सदस्य गिरिजा अधिकारी, मकवानपुर अध्यक्ष कुमार अधिकारी पोष्टराज लगायत प्रेस युनियनकर्मीहरुको उपस्थिती रहेको थियो ।




# VACANCY

**Sancho Hospital Pvt. Ltd.** a well reputed hospital in hetauda is looking for candidates for the following posts:

| | |
|---|---|
| Medical officer (few) | B Pharm (1) |
| Staff Nurse (few) | CMA / ANM (few) |
| Pharmacy Assistant (few) | |

Candidates should have the following requirements:
- Attractive Personality
- Result oriented and Hardworking
- Can work on high pressure environment
- Sound skill on IT, Fluent in English & Nepali written and Spoken
- Having Sound Knowledge in related field with minimum one year experience
- Must have the registered liscense in their related fields.

Preference will be given to those candidates having experience in Medical Field...

Interested candidates are required to send their applications by an updated profile/CV indicating respective vacancies to hospital.sancho@gmail.com within three working days.

Hetauda-1, BhintunaPath, Makwanpur
057-590175, 057-590176
Sancho Hospital Pvt. Ltd.

# मलेसियामा रोजगार

कम्पनी: GREENLOOK MANAGEMENT SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०५/०२ चलानी नं.: ६०१८५७७२ Lt No.: 269879 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | सा. कामगा दक्षा | 1500 | ४५००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता धमाधम भइरहेको छ ।

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231
चितवन सम्पर्क : ९८५५०६३४५४, ९८०६५९५१०२







HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना